**Bottlers Nepal Limited**
**Minutes of the 47th Annual General Meeting (Fiscal Year: 2081/82)**
**Company Registration No: 140**

**बोटलर्स नेपाल लिमिटेड**
**४७ औं वार्षिक साधारण सभा (आर्थिक वर्ष : २०८१।८२)**
**कम्पनी दर्ता नं. १४०**

## 1. Annual General Meeting

The 47th Annual General Meeting (the "Meeting") of Bottlers Nepal Limited (the "Company") for the Fiscal Year 2081/082 was convened under the chairmanship of Mr. Narmadeshwar Narayan Singh, Chairperson of the Board of Directors, on Wednesday, Paush 23, 2082 (January 7, 2026). The Meeting was held at Hotel Yak and Yeti, Durbarmarg, Kathmandu, from 3:00 P.M. to 5:00 P.M.

The discussions and resolutions approved during the Meeting are formally recorded as follows:

## १. वार्षिक साधारण सभा

बोटलर्स नेपाल लिमिटेड ("कम्पनी") को ४७ औं वार्षिक साधारण सभा (आर्थिक वर्ष २०८१।८२) कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री नर्मदेश्वर नारायण सिंहज्यूको अध्यक्षतामा मिति २०८२ साल पौष २३ गते, बुधबार (तदनुसार जनवरी ७, २०२६) को दिन होटल याक एण्ड यति, दरबारमार्ग, काठमाडौंमा ३:०० देखि ५:०० बजेसम्म सञ्चालन भयो ।

बैठकका छलफल तथा निर्णयहरू देहाय बमोजिम रहेका छन्:

## 2. Attendance
## २. उपस्थिति

### 2.1. Attendance of Members of the Board of Director(s)

| | |
|---|---|
| Mr. Narmadeshwar Narayan Singh | - Chairperson |
| Mr. Ajay Chanbasappa Konale | - Managing Director |
| Mr. Karan Vijaykumar Achpal | - Director (Via Videoconference) |
| Mr. Sunil Lobo | - Director (Via Videoconference) |
| Mr. Amar Baidya | - Alternate Director (Via Videoconference) |
| Mr. Siddhant Raj Pandey | - Independent Director |

### २.१ सञ्चालक समितिका सदस्यहरूको उपस्थिति

| | |
|---|---|
| श्री नर्मदेश्वर नारायण सिंह | - अध्यक्ष |
| श्री अजय चनवसप्पा कोनाले | - प्रबन्ध सञ्चालक |
| श्री करण विजयकुमार अचपल | - सञ्चालक (भिडियो कन्फरेन्स मार्फत्) |
| श्री सुनिल लोबो | - सञ्चालक (भिडियो कन्फरेन्स मार्फत्) |
| श्री अमर वैद्य | - वैकल्पिक सञ्चालक (भिडियो कन्फरेन्समार्फत) |
| श्री सिद्धान्त राज पाण्डे | - स्वतन्त्र सञ्चालक |



BOTTLERS NEPAL LTD. Reg. No.140

**2.2 Attendance of Shareholders**

Person/Authorized Representative/ through proxy (through physical presence): 29

**२.२ शेयरधनीको उपस्थिति संख्या**

स्वयं / आधिकारिक प्रतिनिधि / प्रोक्सी मार्फत् उपस्थिति : २९

**2.3 Attendance of the office-bearers**

Mr. Redwin A. Duay, Country Finance Director
Ms. Bishwa Prakash Poudel, Company Secretary/General Counsel

**२.३ पदाधिकारीको उपस्थिति**

श्री रेडविन ए. डुए, कन्ट्री फाइनान्स डाइरेक्टर
श्री विश्वप्रकाश पौडेल, कम्पनी सचिव/कानुन विभाग प्रमुख

**3. Notice of 47th Annual General Meeting**

Mr. Bishwa Prakash Poudel, Company Secretary, informed the Meeting that the notice convening the 47th Annual General Meeting was first published on December 17, 2025 (Poush 2, 2082) and a second notice was published on December 23, 2025 (Poush 8, 2082) in Naya Patrika, a national daily newspaper.

He further stated that the notice, together with the Company's Annual Report, was dispatched via courier to all shareholders at their respective addresses as recorded in the Company's Shareholder Register. The notice and Annual Report were also made available on the Company's official website, www.bnl.com.np.

In addition, he informed the Meeting that, for the first time, a QR code was published along with the notice in the newspaper, enabling shareholders to conveniently download the digital version of the Annual Report on their devices.

**३. ४७ औं वार्षिक साधारण सभाको सूचना**

४७ औं वार्षिक साधारण सभाको सूचना प्रथम पटक मिति २०८२ पौष २ (१७ डिसेम्बर २०२५) र दोश्रो सूचना मिति २०८२ पौष ८ गते (डिसेम्बर २३, २०२५) मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा कम्पनी सचिव श्री विश्व प्रकाश पौडेलले सभामा जानकारी गराउनु भयो । यसका अतिरिक्त कम्पनीको वार्षिक प्रतिवेदन कुरियरबाट सबै शेयरधनीलाई कम्पनीको शेयरधनी दर्ता किताबमा अभिलेख रहेको ठेगानामा पठाएका थियौं । साथै, उक्त सूचना तथा वार्षिक प्रतिवेदन कम्पनीको आधिकारिक वेबसाइट www.bnl.com.np मा समेत प्रकाशन गरिएको जानकारी गराउनु भयो । यसका अतिरिक्त यस वर्ष पत्रिकामा वार्षिक साधारणसभाको सूचनासँगै शेयरधनीको सहजताका लागि वार्षिक प्रतिवेदन डाउनलोड गर्न क्यूआर कोड समेत प्रकाशित गरिएको व्यहोरा समेत कम्पनी सचिवले सभालाई अवगत गराउनुभयो ।



BOTTLERS NEPAL LTD. Reg. No.140

**4. Quorum**

The Company Secretary confirmed that the quorum requirement for the Meeting was duly met. A total of 29 shareholders, including proxies and authorized representatives, were present. The shareholders present represented the total number of shares: 1,505,309 representing 77.24% of the Company's total issued shares of 1,948,887 Units.

**४. गणपूरक संख्या**

कुल शेयरधनी, उपस्थित प्रोक्सी र आधिकारिक प्रतिनिधि सहित कूल शेयर संख्या १५,०५,३०९ कित्ता ( कम्पनीको १९,४८,८८७ कित्ता कूल शेयरमध्ये) ७७.२४ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै जम्मा २९ जना शेयरधनीको उपस्थिति रहेको हुनाले साधारणसभाको गणपुरक संख्या पुगेको घोषणा गर्दै कम्पनी सचिवले आजको साधारणसभा वैधानिक रूपमा अगाडि बढाउन सकिने जानकारी सभासमक्ष गराउनुभयो ।

**5. Agenda of the Meeting**

**५. बैठकका एजेन्डा**

**5.1. Ordinary Agenda:**

5.1.1. To consider and approve the Director's Report for the Fiscal Year 2081/82.

5.1.2. To consider and approve the renumeration and other facilities of the Managing Director.

5.1.3. To approve the appointment of Nr. Siddhant Raj Pandey as an Independent Director for the tenure of Four (4) years as decided by the meeting of Board of Directors.

5.1.4. To conduct the election of the Director representing Public Shareholders.

**५.१ सामान्य प्रस्ताव:**

५.१.१ आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

५.१.२ प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा उपर छलफल गरी पारित गर्ने ।

५.१.३ सञ्चालक समितिको बैठकबाट निर्णय भएबमोजिम स्वतन्त्र सञ्चालकका रुपमा ४ वर्षका लागि नियुक्त श्री सिद्धान्त राज पाण्डेको नियुक्तिलाई स्वीकृत गर्ने ।

५.१.४ सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालक (संख्या १) को निर्वाचन गर्ने ।

**5.2. Special Agenda:**

5.2.1. To Adopt the Audited Financial Statements including the Consolidated Financial Statements of the Company including subsidiary companies i.e. Bottlers Nepal (Terai) Limited and Troika Traders Private Limited comprising of Balance Sheet as of 32nd Asad 2082 (i.e. 16 July 2025), Income Statement as of 32nd Asad 2082, Profit & Loss Account and Cash Flow Statement for the same period and Auditors' Report thereon.

5.2.2. To consider and approve the appointment of Statutory Auditor and their remuneration for Fiscal Year 2082/83 as per Section 111 of Companies Act, 2006 (2063).

(Proposed to appoint M/s PKF T.R. Upadhyay & Co. Chartered Accountant (Firm Registration No. 06) (Ms. Sumitra Rijal, Partner), as statutory Auditor for



BOTTLERS NEPAL LTD. Reg. No.140

FY 2082-2083 with a renumeration of NPR 6,30,000/- (In words Six Lakhs Thirty Thousand Only).

5.2.3. To consider and approve the appointment of Mr. Siddhant Raj Pandey as an Independent Director for the tenure of Four (4) years as decided by the meeting of Board of Directors.

5.2.4. To conduct/declare the election of the Director representing Public Shareholders.

**५.२ विशेष प्रस्ताव:**

५.२.१ यस कम्पनीका सहायक कम्पनीहरू बोटलर्स नेपाल (तराई) लिमिटेड र ट्रोइका ट्रेडर्स प्रा.लि. समेतको सम्वत् २०८२ असार ३२ गते सम्मको वासलात, आ.व. २०८१।८२ को आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने ।

५.२.२ कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१।८२ को लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने । (श्री पि.के.एफ.टि.आर उपाध्या एण्ड कम्पनी (फर्म रजिष्ट्रेषन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर)लाई आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्न रु. ६३०,०००।- (अक्षरुपी रु छ लाख तीस हजार मात्र) पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ति गर्ने प्रस्ताव गरिएको) ।

५.२.३ सञ्चालक समितिको बैठकबाट निर्णय भए बमोजिम स्वतन्त्र सञ्चालकका रुपमा ४ वर्षका लागि नियुक्त श्री सिद्धान्त राज पाण्डेको नियुक्तिलाई स्वीकृत गर्ने ।

५.२.४ सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालक (संख्या १) को निर्वाचन/घोषणा गर्ने ।

**5.3. Miscellaneous:**

**५.३ विविध:**

## 6. Meeting begins

## ६ बैठकको प्रारम्भ :

The Shareholders present confirmed that the 47th Annual General Meeting of the Company is being convened in compliance with the provisions of the Companies Act 2063(2006) and Articles of Association of the Company.

उपस्थित शेयरधनीहरूले आजको ४७औं वार्षिक साधारण सभा कम्पनी ऐन २०६३(२००६) तथा कम्पनीको नियमावली बमोजिम सञ्चालित भएको कुरा पुष्टि गर्नुभयो ।

The Company Secretary Mr. Bishwa Prakash Poudel informed that the Meeting is in pursuance to Section 74 of the Companies Act, 2063 read with Article 13(c) of Articles of Association of the Company, Mr. Narmadeshwar Narayan Singh, Chairperson of the Board, shall chair the 47th Annual General Meeting of the Company.

कम्पनी ऐन २०६३ को दफा ७४ का साथै कम्पनीको नियमावलीको दफा १३(ग) बमोजिम सञ्चालक समितिको अध्यक्ष श्री नर्मदेश्वर नारायण सिंहले कम्पनीको ४७औं वार्षिक साधारण सभाको अध्यक्षता ग्रहण गर्ने कम्पनी सचिवले जानकारी गर्नु भयो ।

Mr. Narmadeshwar Narayan Singh, Chairperson, after ascertaining the requisite quorum being present, called the Meeting to order.

अध्यक्ष श्री नर्मदेश्वर नारायण सिंहद्वारा बैठकको आवश्यक गणपूरक संख्या पर्याप्त भएको सुनिश्चित गरी बैठक सञ्चालनको लागि कारवाही अगाडि बढाइयो ।

The Chairperson welcomed all the distinguished shareholders, guests and employees to the 47th Annual General Meeting of the Company. He thanked all the shareholders for participating in this 47th Annual General Meeting of the Company.

अध्यक्षज्यूले सम्पूर्ण शेयरधनीहरू, अतिथिहरू तथा कर्मचारीहरूलाई कम्पनीको ४७औं वार्षिक साधारण सभामा स्वागत गर्नुभयो । उहाँले सबै शेयरधनीहरूलाई ४७औं वार्षिक साधारण सभामा भाग लिनुभएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

### 7. Chairperson's Speech
### ७. अध्यक्षज्यूको मन्तव्य

Mr. Singh delivered his speech as mentioned in 47th Annual Report and reflected upon the Company's satisfactory performance despite the local challenges as well as global economic crisis during the year 2081/82. He briefed the Company's overall performance and activities in FY 2081/82.

सञ्चालक समितिको तर्फबाट श्री सिंहले ४७औं वार्षिक प्रतिवेदनमा उल्लेख गरिए अनुसार आफ्नो मन्तव्य पढेर सुनाउनुभयो र स्थानीय चुनौतिका साथसाथै विश्वव्यापी आर्थिक संकटका बाबजुद पनि आ.व. २०८०/८१ को अवधिमा कम्पनीले उल्लेखनीय कार्यसम्पादन गरेको जानकारी गराउनुभयो । तत्पश्चात्, उहाँले आ.व २०८०।८१ मा कम्पनीको समग्रको कार्यक्रम र गतिविधिबारे जानकारी गराउनु भयो ।

Thereafter the Chairperson requested the Company Secretary to take up the Agenda Item(s) one by one.
तत्पश्चात अध्यक्षज्यूले कम्पनी सचिवलाई एजेन्डा अगाडि बढाउन आग्रह गर्नुभयो ।

### 8. Discussion and Decision
### ८. छलफल तथा निर्णय

The Company Secretary Mr. Bishwa Prakash Poudel requested Shareholders present, in person, to put forward any queries and suggestions on the Annual Report and the proposed agenda item.
कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले उपस्थित शेयरधनीलाई वार्षिक प्रतिवेदन र प्रस्तावित एजेण्डा माथि कुनै जिज्ञासा, सल्लाह, सुझाव भएमा सञ्चालक समिति समक्ष राख्न अनुरोध गर्नुभयो ।

- Thereafter, **Shareholder Mr. Chandra Das Tuladhar** addressed the Chairman and the Board of Directors and proceeded to raise his queries and suggestions, as follows:

He noted that under the current management, the Marketing Department has been offering various promotional schemes, through which shareholders also receive Coca-Cola products from time to time. In this context, he inquired whether the Company could consider providing gift items—such as bottled or canned Coca-Cola products—instead of the regular bottled variants like Coca-Cola and Fanta, stating that canned products may be more appealing to shareholders.He further raised concern regarding dividend distribution, highlighting that not all shareholders maintain DEMAT accounts and that some continue to hold physical shares. Accordingly, he asked whether dividend payments to such physical shareholders could be made through cheque, given their inability to receive dividends through electronic means. He concluded by placing these matters before the Board for its consideration.

त्यसपछि शेयरधनी **श्री चन्द्र दास तुलाधर**ले सभाका अध्यक्ष तथा सञ्चालक समितिलाई सम्बोधन गर्दै आफ्ना प्रश्न तथा सुझाव प्रस्तुत गर्नुभयो:
उहाँले हालको व्यवस्थापनअन्तर्गत मार्केटिङ विभागले विभिन्न प्रवर्द्धनात्मक योजनाहरू सञ्चालन गरिरहेको र शेयरधनीहरूले पनि समय-समयमा विभिन्न योजनाअन्तर्गत कोका-कोला कम्पनीका उत्पादनहरू प्राप्त गर्दै आएको कुरा उल्लेख गर्नुभयो । यस सन्दर्भमा, नियमित रूपमा प्रदान गरिने कोका-कोला र फ्यान्टा जस्ता बोतलबन्द उत्पादनको सट्टा, बोतल वा क्यानमा प्याक गरिएका कोका-कोला जस्ता आकर्षक उपहार सामग्री शेयरधनीहरूलाई प्रदान गर्न सकिने भए राम्रो हुने सुझाव दिनुभयो । उहाँको विचारमा क्यानमा रहेको कोका-कोला शेयरधनीहरूका लागि अझ आकर्षक हुने देखिन्छ । यसैगरी, उहाँले लाभांश वितरणसम्बन्धी विषयमा पनि चासो व्यक्त गर्नुभयो । उहाँले सबै शेयरधनीहरूको डिम्याट खाता नभएको र कम्पनीमा अझै पनि भौतिक शेयरधनीहरू रहेको कुरा उल्लेख गर्दै, विद्युतीय माध्यमबाट लाभांश प्राप्त गर्न नसक्ने भौतिक शेयरधनीहरूका लागि चेकमार्फत् लाभांश भुक्तानीको व्यवस्था गर्न सकिने कि नसकिने भन्ने प्रश्न उठाउनुभयो । अन्त्यमा, उहाँले आफ्ना सबै प्रश्न तथा सुझावहरू सञ्चालक समितिको विचारार्थ प्रस्तुत गर्दै आफ्नो भनाइ समाप्त गर्नुभयो ।

- **Shareholder Mr. Laxman Bahadur Shrestha** raised the following queries and suggestions:
  He thanked the Board for conducting the Annual General Meeting of the Company within the time limit prescribed by the Companies Act, 2063. He further requested that the Board complete the next Annual General Meeting within the first quarter of the year. He expressed that although no dividend has been declared for the current year, he remains hopeful that shareholders will receive dividends in the upcoming year. He further inquired about the impact of the recent Gen Z–led protests on the Company's operations and requested the Board to clarify the same. He also thanked the employees for their continuous efforts towards the betterment of the Company and concluded by wishing the Company continued success and prosperity.

शेयरधनी **श्री लक्ष्मण बहादुर श्रेष्ठले** देहायका जिज्ञासा र सुझाव राख्नुभयो :
उहाँले कम्पनी ऐन, २०६३ ले तोकेको समयसीमाभित्र कम्पनीको वार्षिक साधारण सभा सम्पन्न गरेकोमा सञ्चालक समितिलाई धन्यवाद दिनुभयो । साथै, आगामी वार्षिक साधारण सभा वर्षको पहिलो त्रैमासिक अवधिभित्र सम्पन्न गर्न अनुरोध गर्नुभयो । उहाँले चालु वर्ष लाभांश घोषणा नभए तापनि आगामी वर्षमा शेयरधनीहरूले लाभांश प्राप्त गर्ने आशा व्यक्त गर्नुभयो । यसका अतिरिक्त, हालै भएका Gen-Z नेतृत्वका आन्दोलनहरूले कम्पनीको कार्यसञ्चालनमा पारेको प्रभावबारे प्रश्न उठाउँदै सो विषयमा सञ्चालक समितिबाट स्पष्ट धारणा माग गर्नुभयो । उहाँले कम्पनीका कर्मचारीहरूले कम्पनीको हितका लागि निरन्तर



BOTTLERS NEPAL LTD. Reg. No.140

गरिरहेको प्रयासप्रति धन्यवाद व्यक्त गर्दै, कम्पनीको निरन्तर प्रगति र समृद्धिको कामना सहित आफ्नो भनाइ समाप्त गर्नुभयो ।

- Thereafter, **Shareholder Mr. Ashok Sharma** addressed the Board of Directors and raised the following queries and suggestions:
  He started by thanking the Board for giving him the opportunity to speak. He stated that the Company has consistently communicated its intention to make further investments by launching new products. However, upon reviewing past performance, he observed that several products previously launched by the Company; such as Apple Fanta, Coke Zero, and Fanta Lemon have not demonstrated strong market presence or commercial success. He expressed concern that repeated unsuccessful product launches could result in significant economic losses to the Company. Accordingly, he suggested that the Company reconsider its approach to investment in new product launches and emphasized the need for proper market research and feasibility analysis prior to introducing new products. He concluded by thanking the Board and management and wishing the Company continued prosperity.

  त्यसपछि शेयरधनी **श्री अशोक शर्माले** सञ्चालक समितिलाई सम्बोधन गर्दै देहायका जिज्ञासा र सुझाव राख्नुभयो:
  उहाँले आफ्नो कुरा राख्ने अवसर प्रदान गरेकोमा सञ्चालक समितिलाई धन्यवाद दिँदै आफ्नो भनाइ प्रारम्भ गर्नुभयो । उहाँले कम्पनीले नयाँ उत्पादनहरू बजारमा ल्याई थप लगानी गर्ने उद्देश्य निरन्तर रूपमा व्यक्त गर्दै आएको धारणा उल्लेख गर्नुभयो । तर, विगतको कार्यसम्पादनको समीक्षा गर्दा कम्पनीद्वारा पहिले सुरु गरिएका केही उत्पादनहरू,जस्तै एप्पल फ्यान्टा, कोक जिरो तथा फ्यान्टा लेमनले बजारमा अपेक्षित उपस्थिति वा व्यावसायिक सफलता हासिल गर्न नसकेको देखिएको उहाँले बताउनुभयो । उहाँले यसरी बारम्बार असफल हुने उत्पादनहरू सुरु गर्दा कम्पनीलाई ठूलो आर्थिक नोक्सानी हुन सक्नेप्रति चिन्ता व्यक्त गर्नुभयो । त्यसकारण, नयाँ उत्पादन सुरु गर्ने विषयमा कम्पनीले आफ्नो लगानी रणनीतिलाई पुनर्विचार गर्नुपर्ने सुझाव दिनुभयो तथा कुनै पनि नयाँ उत्पादन बजारमा ल्याउनुअघि उचित बजार अध्ययन र सम्भाव्यता विश्लेषण आवश्यक हुने कुरामा जोड दिनुभयो । अन्त्यमा, उहाँले सञ्चालक समिति तथा व्यवस्थापनप्रति धन्यवाद व्यक्त गर्दै कम्पनीको निरन्तर समृद्धि र सफलताको कामना गर्दै आफ्नो भनाइ समाप्त गर्नुभयो ।

**Board of Director's/Management response to the questions raised by the Shareholders:**
**शेयरधनीहरूद्वारा उठाइएका प्रश्नहरूमा सञ्चालक समिति/व्यवस्थापनको जवाफ :**

Upon the request of the Chairperson, **Mr. Bishwa Prakash Poudel, Company Secretary** firstly, thanked all the shareholders for their questions and mentioned that he has noted all the questions of shareholders and will try to address all the queries.

अध्यक्षको अनुरोधमा, कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले सर्वप्रथम सबै शेयरधनीहरूलाई जिज्ञासाको लागि धन्यवाद दिँदै शेयरधनीहरूका सबै जिज्ञासाहरू टिपोट गरिएको र यथाशक्य सबै जिज्ञासाहरूलाई सम्बोधन गरिने कुरा बताउनुभयो ।

- **Mr. Bishwa Prakash Poudel**, Company Secretary, addressed the queries raised by the shareholders. Regarding the query relating to dividend payment to physical shareholders, he informed the Meeting that the Company has taken note of the concern raised. He explained



BOTTLERS NEPAL LTD.
Reg. No.140

that pursuant to the Companies Act, 2063, there exists a provision relating to the Investor Protection Fund, under which any dividend amount remaining unclaimed for a period exceeding five (5) years is required to be transferred to the Investor Protection Fund. However, he clarified that where the dividend amount of physical shareholders has not exceeded the five-year unclaimed period, the Company shall, after discussion with RTS and subject to system feasibility, explore the possibility of introducing a mechanism for dividend payment through cheque. He assured the shareholders that the matter would be looked into seriously by the Company. Regarding the query relating to conducting the Annual General Meeting at an earlier date, Mr. Poudel stated that the Company is consistently making efforts to convene the AGM at the earliest possible time. He further clarified that if the Company's financial statements are finalized earlier, the Company shall endeavor to conduct the AGM correspondingly earlier in the year.

कम्पनी सचिव **श्री विश्वप्रकाश पौडेलले** शेयरधनीहरूले उठाएका प्रश्नहरूको जवाफ प्रस्तुत गर्नुभयो । भौतिक शेयरधनीहरूलाई लाभांश भुक्तानीसम्बन्धी प्रश्नको सन्दर्भमा उठाइएको विषय कम्पनीले गम्भीरतापूर्वक नोट गरेको छ भनी उहाँले बैठकलाई जानकारी गराउनुभयो । उहाँले कम्पनी ऐन, २०६३ अनुसार लगानीकर्ता संरक्षण कोष (Investor Protection Fund) सम्बन्धी व्यवस्था रहेको स्पष्ट पार्दै, पाँच (५) वर्षभन्दा बढी समयसम्म दावी नगरिएको लाभांश रकम सो कोषमा जम्मा गर्नुपर्ने कानुनी प्रावधान रहेको बताउनुभयो । तथापि, भौतिक शेयरधनीहरूको हकमा लाभांश रकम पाँच वर्षको अवधि ननाघेको अवस्थामा, RTS सँग छलफल गरी तथा प्रणालीको सम्भाव्यता हेरी, चेकमार्फत लाभांश भुक्तानी गर्ने व्यवस्था लागू गर्न सकिने सम्भावनाको खोजी गरिने जानकारी दिनुभयो । उहाँले यस विषयलाई कम्पनीले गम्भीरतापूर्वक विचार गर्ने आश्वासन दिनुभयो । वार्षिक साधारण सभा चाँडो सम्पन्न गर्ने विषयमा उठाइएको प्रश्नको जवाफमा श्री पौडेलले कम्पनी सधैं सम्भव भएसम्म छिटो AGM आयोजना गर्ने प्रयासमा रहेको बताउनुभयो । साथै, कम्पनीका वित्तीय विवरणहरू समयमै अन्तिम रूप दिइएमा, सोही अनुरूप AGM पनि वर्षको प्रारम्भमै सम्पन्न गर्ने प्रयास गरिने स्पष्ट पार्नुभयो ।

- Thereafter, Mr. Ajay Chanbasappa Konale, Managing Director, responded to the queries relating to unsuccessful product launches and future investment in new products. He stated that as a leader in the non-alcoholic ready-to-drink beverage category, the Company has a responsibility to innovate and experiment. He explained that while some product launches prove successful, others provide valuable learnings. He highlighted that Coke Zero has been highly successful and that the Company remains very optimistic about its future. He further informed the shareholders that Sprite Zero has been recently introduced and is witnessing good market reaction, indicating high potential. He acknowledged that some other products have not performed as expected; however, the Company learns from such experiences and continues to move forward. He emphasized that experimentation is an essential part of leadership in the industry and assured the shareholders that the Company would continue to improve and introduce products based on market needs.

  त्यसपछि, कम्पनीका प्रबन्ध सञ्चालक **श्री अजय चनबसप्पा कोनालेले** असफल भएका केही उत्पादनहरू तथा भविष्यमा नयाँ उत्पादनमा गरिने लगानीसम्बन्धी प्रश्नहरूको जवाफ दिनुभयो । उहाँले गैर-मादक



BOTTLERS NEPAL LTD. Reg. No.140

तयार पेय पदार्थ (Non–Alcoholic Ready–to–Drink) क्षेत्रमा अग्रणी कम्पनीको रूपमा नवीनता ल्याउने र प्रयोग (experiment) गर्ने जिम्मेवारी कम्पनीको भएको बताउनुभयो । उहाँले केही उत्पादनहरू सफल हुने र केहीबाट सिकाइ हुने स्पष्ट पार्दै, कोक जिरो अत्यन्त सफल भएको र यसको भविष्यप्रति कम्पनी निकै आशावादी रहेको जानकारी दिनुभयो । साथै, हालै सुरु गरिएको स्प्राइट जिरोले बजारमा राम्रो प्रतिक्रिया पाइरहेको र यसमा उच्च सम्भावना देखिएको बताउनुभयो । उहाँले केही अन्य उत्पादनहरूले अपेक्षित प्रदर्शन गर्न नसकेको स्वीकार गर्दै, त्यस्ता अनुभवबाट सिक्दै कम्पनी अघि बढिरहेको र आगामी दिनमा अझ राम्रो गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

- Subsequently, Mr. Redwin A. Duay, Chief Finance Officer, addressed the query relating to loans and the cash flow position of the Company. He clarified that although the Company has made new investments which it intends to retain within the business, it is not heavily dependent on loans. He stated that the Company is in a sound cash position. He further clarified that the only loan taken by the Company relates to tax deposits associated with BNTL. He also informed the Meeting that the Company is operating under a positive overdraft position, which reflects that the Company's cash flow remains healthy.
  त्यसपछि, प्रमुख वित्त अधिकृत (Chief Finance Officer) श्री **रेडविन ए. डुएले** कम्पनीको ऋण तथा नगद प्रवाहसम्बन्धी प्रश्नको जवाफ दिनुभयो । उहाँले कम्पनीले केही नयाँ लगानी गरेको भए तापनि कम्पनी अत्यधिक रूपमा ऋणमा निर्भर नरहेको स्पष्ट पार्नुभयो । उहाँले कम्पनीको नगद स्थिति सुदृढ रहेको जानकारी दिँदै, लिइएको एकमात्र ऋण BNTL सँग सम्बन्धित कर निक्षेप (tax deposit) का लागि भएको बताउनुभयो । साथै, कम्पनी हाल positive overdraft position मा रहेको जानकारी दिँदै, यसले कम्पनीको नगद प्रवाह स्वस्थ रहेको संकेत गर्ने स्पष्ट पार्नुभयो ।

Then, Company Secretary Mr. Bishwa Prakash Poudel further informed that he had tried to address all the concerns raised by the Shareholders, and in case of any further queries, such constructive queries and concerns are always welcome for discussion with the management team of the company.
कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले शेयरधनीहरूले राख्नु भएको सबै जिज्ञासाहरूलाई सम्बोधन गर्ने प्रयास गरेको र अन्य जिज्ञासा भएमा व्यवस्थापन समुहमा समेत यस प्रकारका सिर्जनात्मक जिज्ञासा र सुझाव पठाएर निरन्तर छलफल गर्न सकिने कुरा बताउनुभयो ।

Thereafter, the Company Secretary requested to take up the agenda.
तत्पश्चात, कम्पनी सचिवले वार्षिक साधारण सभाको प्रस्तावहरूमा छलफल गर्न अनुरोध गर्नुभयो ।

**8.1. To consider and approve Directors' Report of the Company for the Fiscal Year 2081/82.**

Company Secretary Mr. Bishwa Prakash Poudel tabled the Directors' Report of the Company for the Fiscal Year 2081/82 before the Shareholders and requested to propose and second the Resolution as an "Ordinary Resolution". Ms. Poudel requested if any present shareholders were willing to put forward any queries and suggestions to place them before the Board.



BOTTLERS NEPAL LTD. Reg. No.140

८.१ **आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।**

कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गरिदिन आग्रह गर्नुभयो । त्यस पश्चात श्री पौडेलले उपस्थित शेयरधनीलाई कुनै जिज्ञाशा, सल्लाह वा सुझाव भएमा सञ्चालक समिति समक्ष राख्नुहुन अनुरोध समेत गर्नुभयो ।

Thereafter, Shareholder Mr. Ashok Sharma, proposed the following Resolution as Ordinary Resolution.
त्यस लगत्तै, शेयरधनी श्री अशोक शर्माले उक्त साधारण प्रस्तावलाई पारित गर्न प्रस्ताव गर्नुभयो ।

Mr. Chandra Das Tuladhar, Shareholder seconded the same.
शेयरधनी, श्री चन्द्र दास तुलाधरले उक्त प्रस्तावलाई समर्थन गर्नु भयो ।

"**RESOLVED THAT** the shareholders of the Company do hereby receive, consider and adopt the Director's Report of the Company, for the Fiscal Year 2081/82."
"शेयरधनीहरूद्वारा कम्पनीको आर्थिक वर्ष २०८१।८२ को सञ्चालक समितिको प्रतिवेदन प्राप्त गरि, सो उपर विचार विमर्श गरी पारित गरियो ।"

The Resolution was then put to vote and was passed unanimously.
तत्पश्चात प्रस्ताव उपर शेयरधनीहरूको मत माग गरी ध्वनीमतद्वारा सर्वसम्मतीले पारित गरियो ।

8.2. **To consider and approve the renumeration and other facilities of the Managing Director.**

Company Secretary Mr. Bishwa Prakash Poudel informed the Shareholders that the Board of Directors has proposed approving the payment of Base Salary of USD 230,000 (In words: Two Hundred Thirty Thousand Only) and other incentives up to USD 167017.00 (In words: One Hundred Sixty-Seven Thousand and Seventeen Only); which may vary based on performance of the business and other additional benefit, as Environment allowance of NPR 416,000 per month (net of tax) and Relocation Allowance: USD 10,000 (one-time payment in Nepal) to Managing Director w.e.f. 11th July, 2025.

८.२ **प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा पारित गर्ने ।**

सञ्चालक समितिले मिति २०२५ जुलाई ११ देखि लागू हुने गरी प्रबन्ध सञ्चालकको आधारभूत तलब (Base Salary) अमेरिकी डलर २३०,०००।- (अक्षरूपी: अमेरिकी डलर दुई लाख तीस हजार मात्र) तथा व्यवसायको कार्यसम्पादनको आधारमा फरक पर्न सक्ने अन्य प्रोत्साहन रकम अधिकतम अमेरिकी डलर १६७,०१७।- (अक्षरूपी : अमेरिकी डलर एक लाख सतसट्ठी हजार सत्र मात्र) सम्म स्वीकृत गर्ने प्रस्ताव गरेको छ । यसका अतिरिक्त, वातावरण भत्ता (Environment Allowance) मासिक ने.रु. ४१६,०००।- (कर कट्टी पश्चात) तथा स्थानान्तरण भत्ता (Relocation Allowance) अमेरिकी डलर १०,०००।- ( नेपालमा एक पटक मात्र भुक्तानी हुने) प्रदान गर्ने प्रस्ताव रहेको जानकारी कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले गराउनुभयो ।



BOTTLERS NEPAL LTD. Reg. No.140

Thereafter, Company Secretary Mr. Poudel requested the shareholders to propose and second the Resolution as "Ordinary Resolution".
तत्पश्चात् कम्पनी सचिव श्री पौडेलले प्रस्तावलाई साधारण प्रस्तावको रुपमा प्रस्तुत गरी सर्मथन गरिदिन अनुरोध गर्नुभयो ।

Thereafter, Mr. Ashok Sharma, Shareholder, proposed the following Resolution as Ordinary Resolution.
त्यस लगत्तै, शेयरधनी श्री अशोक शर्माले उक्त साधारण प्रस्तावलाई पारित गर्न प्रस्ताव गर्नुभयो ।

Mr. Chandra Das Tuladhar, Shareholder Shareholder, seconded the same.
शेयरधनी श्री चन्द्र दास तुलाधरले उक्त प्रस्तावलाई समर्थन गर्नु भयो ।

A. "**RESOLVED THAT** pursuant to Section 91(1) and other applicable provisions of the Companies Act, 2006 (2063) (including any statutory modification(s) from time to time or any re-enactment thereof for the time being in force), consent of the shareholders of the Company be and is hereby accorded for the payment of Base Salary of USD 230,000.00 (In words: Two Hundred Thirty Thousand Only) and other incentives up to USD. 167,017.00 (One Hundred Sixty-Seven Thousand and Seventeen Only); which may vary based on performance of the business and other additional benefit, as Environment allowance of NPR 416,000.00 per month (net of tax) and Relocation Allowance: USD 10,000 (one-time payment in Nepal) to Managing Director Ajay Chanbasappa Konale, w.e.f. 11th July, 2025.

क) कम्पनी ऐन २००६ (२०६३)कोदफा ९१(१) र अन्य उपयुक्त प्रावधान (समय समयमा वा अन्य कुनै समयका लागि पुन: जारी गरिएका संशोधन सहित) बमोजिम मिति २०२५ जुलाई ११ देखि लागू हुने गरी प्रबन्ध सञ्चालक श्री अजय चनबसप्पा कोनालेको आधारभूत तलब (**Base Salary**) अमेरिकी डलर २३०,००० (अक्षरूपी: अमेरिकी डलर दुई लाख तीस हजार मात्र) तथा व्यवसायको कार्यसम्पादनको आधारमा फरक पर्न सक्ने अन्य प्रोत्साहन रकम अधिकतम अमेरिकी डलर १६७,०१७ सम्म स्वीकृत गर्ने प्रस्ताव गरेको छ। यसका अतिरिक्त, वातावरण भत्ता (Environment Allowance) मासिक ने.रु. ४१६,००० (कर कट्टी पश्चात) तथा स्थानान्तरण भत्ता (Relocation Allowance) अमेरिकी डलर १०,००० (नेपालमा एक पटक मात्र भुक्तानी हुने) प्रदान गर्ने निर्णय पारित गरियो ।

B. **RESOLVED FURTHER THAT** Board of Directors be and is hereby authorized to fix terms and conditions of the employment not exceeding the aforementioned limit."
उक्त सिमा भित्र रही रोजगारीको शर्त-सुविधा निर्धारण गर्ने अधिकार सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

The Resolution was then put to vote and was passed unanimously by the shareholders.
तत्पश्चात् उपरोक्त प्रस्तावमा शेयरधनीहरूबाट मत माग गरियो र सो सर्वसम्मतीले पारित गरियो ।



BOTTLERS NEPAL LTD. Reg. No.140

**8.3. To consider and approve the appointment of Mr. Siddhant Raj Pandey as an Independent Director for the tenure of Four (4) years as decided by the meeting of Board of Directors.**

Company Secretary Mr. Bishwa Prakash Poudel informed the Shareholders that the Board of Directors in their meeting had reviewed potential candidates for the appointment of Independent Director and informed the Shareholders that the Board of Directors has proposed approving the appointment of Mr. Siddhant Raj Pandey as an Independent Director for the tenure of Four (4) years effective from date i.e. 07 January 2026.

**८.३ सञ्चालक समितिको बैठकबाट निर्णय भए बमोजिम स्वतन्त्र सञ्चालकका रुपमा ४ वर्षका लागि नियुक्त श्री सिद्धान्त राज पाण्डेको नियुक्तिलाई स्वीकृत गर्ने ।**

कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले सञ्चालक समितिले बसेको बैठकको निर्णय अनुसार स्वतन्त्र सञ्चालकको उम्मेदवारको चयन गर्ने सञ्चालक समितिको बैठकबाट निर्णय भए बमोजिम स्वतन्त्र सञ्चालकका रुपमा आजकै मिति (२०८२ पौष २३ गते) देखि लागू हुने गरी ४ वर्षका लागि श्री सिद्धान्त राज पाण्डेको नियुक्तिलाई स्वीकृत गर्न अनुरोध गर्नुभयो ।

Thereafter, Mr. Ashok Sharma, Shareholder, proposed the following Resolution as Ordinary Resolution.
त्यस लगत्तै, शेयरधनी श्री अशोक शर्माले उक्त साधारण प्रस्तावलाई पारित गर्न प्रस्ताव गर्नुभयो ।

Mr. Chandra Das Tuladhar, Shareholder, seconded the same.
शेयरधनी श्री चन्द्र दास तुलाधरले उक्त प्रस्तावलाई समर्थन गर्नु भयो ।

**RESOLVED THAT,** pursuant to Section 87 and other applicable provision of the Companies Act, 2006 (2063), the consent of the Shareholders, be and is hereby accorded for the appointment of Mr. Siddhant Raj Pandey, as an Independent Director for the tenure of Four (4) years.
कम्पनी ऐनको दफा ८७ तथा अन्य कानूनी व्यवस्था बमोजिम श्री सिद्धान्त राज पाण्डेलाई यस कम्पनीको स्वतन्त्र सञ्चालकको रुपमा ४ (चार) वर्षका लागि नियुक्ति गर्ने निर्णय गरियो ।

The Resolution was then put to vote and was passed unanimously.
प्रस्तावमा तत्पश्चात् शेयरधनीहरूको मत माग गरियो र सो प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**8.4. To conduct/declare the election of the Director representing Public Shareholders.**

Company Secretary Mr. Bishwa Prakash Poudel thereafter informed that the Board of Directors in their Meeting dated 26th November 2025 had appointed Mr. Khadananda Kandel representing Advance Solution Legal Service as Election Officer to conduct the election for appointment of one Director representing Public Shareholders and requested Mr. Kandel to take the proceedings further for required information and declaration of results of election.



BOTTLERS NEPAL LTD. Reg. No.140

Thereafter, Election Officer Mr. Khadananda Kandel introduced himself to the Shareholders and informed that he had conducted the procedures of election in line with the prevailing laws and "Procedural Directives relating to Election of Director of Bottlers Nepal Limited, 2063" of the Company. He then informed that the notice of election was published on notice board of the company as well as on the official website on 21st December, 2025 and thereafter, first voter list was published on 26th December 2025 and subsequently, final voter list was published on 28th December 2025. He then apprised that the registration of candidate for election was opened till 29th December 2025 and the name list of the candidate was published at the end of same day and was open for any contest till 30th December 2025. He further informed that the final list of candidates was published on 1st January 2026. Since the Company had received application for candidacy from only one shareholder, Mr. Narmadeshwar Narayan Singh, offering his nomination for election as Director representing public shareholder. Mr. Kandel declared Mr. Singh has been elected as a director representing Public Shareholders unopposed.

**८.४ सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालक (संख्या १) को निर्वाचन तथा परिणाम घोषणा गर्ने ।**

कम्पनि सचिव श्री विश्वप्रकाश पौडेलले २६ नोभेम्बर २०२५ मा सम्पन्न सञ्चालक समितिको बैठकको निर्णयानुसार सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको नियुक्तिका लागि निर्वाचन सञ्चालन गर्न नियुक्त हुनुभएका एडभान्स सलुशन लिगल सर्भिसका अधिवक्ता श्री खडानन्द कँडेललाई निर्वाचनको प्रकृया सम्बन्धी जानकारी र नतिजा घोषणा लगायतका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन अनुरोध गर्नुभयो ।

त्यसपछि, निर्वाचन अधिकृत श्री खडानन्द कँडेलले कम्पनीको प्रचलित कानून र बोटलर्स नेपाल लिमिटेडको सञ्चालकको निर्वाचन सम्बन्धी कार्यविधि निर्देशन, २०६३ बमोजिम निर्वाचनको प्रक्रिया सञ्चालन गर्दा २१ डिसेम्बर २०२५ मा कम्पनीको सूचनापाटी तथा वेबसाइटमा निर्वाचनको सूचना प्रकाशित गरेको, २६ डिसेम्बर २०२५ मा पहिलो मतदाता नामावली र त्यस लगत्तै २८ डिसेम्बर २०२५ मा अन्तिम मतदाता नामावली प्रकाशित गरिएको तथा निर्वाचनका लागि उम्मेदवारी दर्ता २९ डिसेम्बर २०२५ सम्म खुला गरिएको र सोही दिनको अन्त्यमा उम्मेदवारको नामावली प्रकाशित गरीएको जानकारी गराउनुभयो । साथै, उक्त उम्मेद्वारी उपर ३० डिसेम्बर २०२५ सम्ममा कुनै पनि किसिमको दाबी विरोध प्राप्त नभएकोले उम्मेदवारहरूको अन्तिम सूची १ जनवरी २०२६ मा प्रकाशित गरिएको जानकारी गराउँदै उल्लेखित प्रक्रियामा कम्पनीका एक जना मात्र शेयरधनी श्री नर्मदेश्वर नारायण सिंहबाट सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने मनोनयनपत्र प्राप्त भएको हुँदा सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने सञ्चालकमा श्री नर्मदेश्वर नारायण सिंह निर्विरोध रुपमा निर्वाचित हुनुभएको जानकारी सभामा गराउनु भयो ।

Company Secretary Mr. Poudel requested the shareholders to propose and second the Resolution as "Ordinary Resolution".

कम्पनी सचिव श्री पौडेलले प्रस्तावलाई साधारण प्रस्तावको रुपमा प्रस्तुत गरी समर्थन गरिदिन अनुरोध गर्नुभयो ।

Mr. Ashok Sharma, Shareholder, proposed the following Resolution as Ordinary Resolution.



BOTTLERS NEPAL LTD. Reg. No.140

शेयरधनी श्री अशोक शर्माले उक्त साधारण प्रस्तावलाई पारित गर्न प्रस्ताव गर्नुभयो ।

Mr. Chandra Das Tuladhar, Shareholder, seconded the same.
शेयरधनी श्री चन्द्र दास तुलाधरले उक्त प्रस्तावलाई समर्थन गर्नुभयो ।

"RESOLVED THAT consent of the Shareholders, be and is hereby accorded for appointment of Mr. Narmadeshwar Narayan Singh who was elected as unopposed in the election process, as a Director representing Public Shareholder of the Company for a period of 4 years."
सभाद्वारा निर्वाचन प्रक्रियामा निर्विरोध निर्वाचित हुनुभएका श्री नर्मदेश्वर नारायण सिंहलाई सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने गरी ४ (चार) वर्षका लागि सञ्चालक पदमा नियुक्ति गर्ने निर्णय गरियो ।

The Resolution was then put to vote and was passed unanimously.
तत्पश्चात् उपरोक्त प्रस्तावमा शेयरधनीहरूको मत माग गरियो र सो सर्वसम्मतीले पारित गरियो ।

Mr. Kandel, then handed over the Certificate of Appointment to Mr. Mr. Narmadeshwar Narayan Singh and congratulated Mr. Singh for his appointment and wished him a great success for his tenure. In compliance to the provision of Section 99(3) of Companies Act, 2063 (2006), Mr. Singh took oath of honesty and secrecy and signed the same.

श्री कँडेलले श्री नर्मदेश्वर नारायण सिंहलाई सञ्चालक पदमा निर्वाचित भएको प्रमाणपत्र हस्तान्तरण गर्दै नियुक्तिको लागि बधाई तथा कार्यकालको सफलताको शुभकमना व्यक्त गर्नुभयो । श्री सिंहले कम्पनी ऐन, २०६३ (२००६) को धारा १९९(३) को व्यवस्था अनुसार निर्वाचन अधिकृतबाट इमान्दारिता र गोपनियताको शपथ लिनुभयो ।

**8.5. To Adopt the Audited Financial Statements including the Consolidated Financial Statements of the Company including subsidiary companies i.e. Bottlers Nepal (Terai) Limited and Troika Traders Private Limited comprising of Balance Sheet as of 32nd Asad 2082 (i.e. 16th July 2025), Income Statement as of 32nd Asad 2082, Profit & Loss Account and Cash Flow Statement for the same period and Auditors' Report thereon.**

Company Secretary Mr. Poudel presented the Audited Financial Statements including the Consolidated Financial Statements of the Company including subsidiary companies i.e. Bottlers Nepal (Terai) Limited and Troika Traders Private Limited comprising of Balance Sheet as of 32nd Asad 2082, Income Statement as of 32nd Asad 2082, Profit & Loss Account and Cash Flow Statement for the same period and Auditors' Report thereon. for adoption of Shareholders. He thereafter requested the shareholders to propose and second the Resolution as a "Special Resolution" in compliance with Article 15(b)(5) of Article of Association of the Company.

**८.५ यस कम्पनीका सहायक कम्पनीहरू बोटलर्स नेपाल (तराई) लिमिटेड र ट्रोइका ट्रेडर्स प्रा.लि. समेतको सम्वत् २०८२ असार ३२ गते सम्मको वासलात, आ.व. २०८१।८२ को आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको एकिकृत वित्तीय विवरण स्वीकृत गर्ने ।**



BOTTLERS NEPAL LTD. Reg. No.140

कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले यस कम्पनीका सहायक कम्पनीहरू अर्थात् बोटलर्स नेपाल (तराई) लिमिटेड तथा ट्रोइका ट्रेडर्स प्राइभेट लिमिटेड सहित कम्पनीको समेत लेखापरीक्षण गरिएका वित्तीय विवरणहरू, २०८२ असार ३२ गतेसम्मको कम्पनीको बासलात, आ.व २०८१/२०८२ को आय विवरण, सोही मितिमा समाप्त भएको नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितको लेखापरीक्षण गरिएको वित्तिय विवरण र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरू समक्ष पेश गर्नुभयो । तत्पश्चात् उहाँले कम्पनीको नियमावलीको दफा १५(ख) (५) बमोजिम उक्त प्रस्तावलाई विशेष प्रस्तावको रुपमा पेश गर्न तथा समर्थन गर्न अनुरोध गर्नुभयो ।

Thereafter, Shareholder of the Company Mr. Ashok Sharma, proposed the following Resolution as Ordinary Resolution.
त्यस लगत्तै, शेयरधनी श्री अशोक शर्माले उक्त विशेष प्रस्तावलाई पारित गर्न प्रस्ताव गर्नुभयो ।

Mr, Chandra Das Tuladhar, Shareholder, seconded the same.
शेयरधनी श्री चन्द्र दास तुलाधरले उक्त प्रस्तावलाई समर्थन गर्नु भयो ।

"**RESOLVED THAT** the Audited Financial Statements including the Consolidated Financial Statements of the Company including subsidiary companies i.e. Bottlers Nepal (Terai) Limited and Troika Traders Private Limited comprising of Balance Sheet as of 32nd Asad 2082, Income Statement as of 32nd Asad 2082, Profit & Loss Account and Cash Flow Statement for the same period and Auditors' Report thereon, be and is hereby received, considered and adopted by the Company.

"यस कम्पनीका सहायक कम्पनीहरू बोटलर्स नेपाल (तराई) लिमिटेड र ट्रोइका ट्रेडर्स प्रा.लि. समेतको सम्वत् २०८२ असार ३२ गते सम्मको वासलात, आ.व. २०८१।८२ को आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको एकिकृत वित्तीय विवरण, यस कम्पनीबाट प्राप्त भई तथा विचार विमर्श गरी पारित गरिएको छ ।"

The Resolution was then put to vote and was approved unanimously.
प्रस्तावमा तत्पश्चात् शेयरधनीहरूको मत माग गरियो र सो प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**8.6. To consider & approve the appointment of Statutory Auditor and their remuneration for Fiscal Year 2082/83 as per Section 111 of Companies Act, 2006 (2063) and as recommended by Audit Committee.**

Company Secretary Mr. Bishwa Prakash Poudel informed the Shareholders that on recommendation of Audit Committee, the Board of Directors of the Company had proposed to appoint M/s PKF T.R. Upadhyay & Co. Chartered Accountant (Firm Registration No. 06) (Ms. Sumitra Rijal, Partner), as statutory Auditor for FY 2082-2083 with a renumeration of NPR 6,30,000/- (In words Six Lakhs Thirty Thousand Only) (including consolidation) (excluding out-of-pocket expenses) (inclusive of applicable taxes, excluding VAT). He, thereafter, requested



BOTTLERS NEPAL LTD. Reg. No.140

the shareholders to propose and second the Resolution as a "Special Resolution" in compliance with Article 15(b)(5) of Article of Association.

**८.६. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक उपर छलफल गरी स्वीकृत गर्ने ।**

कम्पनीको लेखापरीक्षण समितिले श्री पि.के.एफ टि.आर उपाध्या एण्ड कम्पनी (फर्म रजिष्ट्रेशन नं. ०६) ( सुमित्रा रिजाल, पार्टनर) लाई आ.व २०८२।८३ को लागि कम्पनीको लेखापरीक्षकको रुपमा नियुक्ति गर्ने र निजको पारिश्रमिक रु. ६,३०,०००/- (अक्षरेपी छ लाख तीस हजार मात्र) (एकिकृत सहित) (लाग्ने खर्च बाहेक) (सम्पूर्ण कर सहित तर भ्याट बाहेक) लेखापरीक्षण शुल्कको रुपमा प्रदान गर्न सिफारिस गरेको जानकारी कम्पनी सचिव श्री विश्वप्रकाश पौडेलले शेयरधनीहरूलाई दिनुभयो । तत्पश्चात उहाँले कम्पनीको नियमावलीको दफा १५(ख)(५) बमोजिम उक्त प्रस्तावलाई विशेष प्रस्तावको रुपमा पेश गर्न तथा समर्थन गर्न अनुरोध गर्नुभयो ।

Thereafter, Mr.Ashok Sharma, Shareholder, proposed the following Resolution as Ordinary Resolution.

त्यस लगत्तै, शेयरधनी श्री अशोक शर्माल उक्त विशेष प्रस्तावलाई पारित गर्न प्रस्ताव गर्नुभयो ।

Mr. Chandra Das Tuladhar, Shareholder, seconded the same.
शेयरधनी श्री चन्द्र दास तुलाधरले उक्त प्रस्तावलाई समर्थन गर्नु भयो ।

"**RESOLVED THAT** M/s PKF T.R. Upadhyay & Co. Chartered Accountant (Firm Registration No. 06) (Ms. Sumitra Risal, Partner), as statutory Auditor for FY 2082-2083 with a renumeration of NPR 6,30,000/- (In words Six Lakhs Thirty Thousand Only) (including consolidation) (excluding out-of-pocket expenses) (inclusive of applicable taxes, excluding VAT)."
"(श्री पि.के.एफ टि.आर उपाध्याय एण्ड को. (फर्म रजिष्ट्रेशन नं. ०६) (श्री सुमित्रा रिजाल, साझेदार) लाई आ.व २०८२।८३ को लागि कम्पनीको लेखापरिक्षकको रुपमा नियुक्ति गर्ने र निजको पारिश्रमिक रु. ६,३०,०००/- (अक्षरेपी छ लाख तीस हजार मात्र) (एकिकृत सहित) (लाग्ने खर्च बाहेक) (सम्पूर्ण कर सहित तर भ्याट बाहेक) लेखापरीक्षण शुल्कको रुपमा प्रदान गर्ने निर्णय गरियो ।"

The Resolution was then put to vote before the shareholders present in the hall and was approved by them unanimously.
तत्पश्चात् उपरोक्त प्रस्ताव उपर सभामा उपस्थित शेयरधनीहरूको मत माग गरियो र सो प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**8.7. Miscellaneous**

There was no other agenda to be discussed.

**८.७ विविध**

छलफलको लागि अन्य कुनै प्रस्ताव नरहेको ।



BOTTLERS NEPAL LTD. Reg. No.140

9. **Vote of thanks & Closure of Meeting**

Since there was no other agenda to be discussed, the Meeting concluded with a vote of thanks to the Chair.

९. **धन्यवाद तथा बैठकको समापन**

सभामा अन्य कुनै प्रस्ताव नभएकोले अध्यक्षद्वारा उपस्थित सबैजनालाई धन्यवाद दिँदै सभा विसर्जन गरियो ।

BOTTLERS NEPAL LTD. Reg. No.140

---

**Narmadeshwar Narayan Singh**
नर्मदेश्वर नारायण सिंह
**Chairperson**
अध्यक्ष
**Date:**
मिति :

---

**Bishwa Prakash Poudel**
विश्वप्रकाश पौडेल
**Company Secretary**
कम्पनी सचिव
**Date:** 04 February 2026
मिति : २०८२ माघ २१ गते